# हतुवागढी राजपत्र


**हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : ४ | सङ्ख्या : ६ | मिति : २०७७/०३/१०


## भाग-१

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०७७/०३/१०

# <u>वार्षिक नीति तथा कार्यक्रम, २०७७</u>

हतुवागढी राजपत्र

हतुवागढी गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री प्रेम कुमार राईले
प्रस्तुत गर्नुभएको वार्षिक नीति तथा कार्यक्रम, २०७७

# "आर्थिक संबृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार"

गाउँ कार्यपालिकाबाट स्विकृत मितिः

हतुवागढी गाउँपालिका
घोडेटार, भोजपुर

# "आर्थिक संबृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार"

## हतुवागढी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम-२०७७

गाउँसभाका उपाध्यक्ष ज्यू
तथा सम्पूर्ण सदस्यज्यूहरु,

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको लागि इतिहासका विभिन्न कालखण्डमा राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको पक्षमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनको उपलब्धीलाई संस्थागत गर्न जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको नेपालको संविधान मिति २०७२ आश्विन ३ मा जारी पश्चात कार्यान्वयनको चरणमा छ । संविधानत: व्यवस्था भएको केन्द्र, प्रदेश र स्थानीय तहको नँया संरचनामा ७५३ स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारको गठन र निर्वाचन प्रक्रिया सम्पन्न भएर केन्द्र र प्रदेशको तेस्रो नीति कार्याक्रम र बजेट कार्यन्वयन र प्रस्तुत भइसकेको छ भने स्थानीय तह हरुको तीन आ. व. को कार्यान्वयन भइसकी चौंथो आ .व. २०७७।०७८ को वार्षीक नीति तथा कार्यक्रम तथा बजेट तर्जुमाको प्रक्रियामा उपस्थित छौं ।
हतुवागढी गाउँपालिकाको गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

आज आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा स्थानीय तहको निर्वाचन भएको तीन वर्ष पुरा हुँदैछ । नयाँ संरचना, नयाँ व्यवस्था, नयाँ प्रयोगको संक्रमणकालिन चरणको रुपमा नै लिनुपर्छ । जनताको अपेक्षा धेरै हुनु स्वभाविक हो, हामीले परिकल्पना गरेको, सोचेको, थालेको महत्वपूर्ण कामहरु अपेक्षाकृत हुन सकेनन् । मुलत: स्थानीय तहमा आफ्नै भौतिक संरचनाहरु नहुनु, कर्मचारीहरुको अभाव, नियम कानूनहरु सरल र सहज नहुनु, गाउँ प्रोफाईल र आवधिक योजनाको खाका नहुनु लगायतको समस्याहरु हाम्रो लागि प्रतिकुल रहेको अवगत गराउन चाहन्छु । आ.व. २०७६।०७७ को योजनाहरु सञ्चालन गर्ने समयमा विश्वमा कोरोना भाईरस (कोभिड-१९) को प्रकोप फैलने क्रममा नेपाल सरकारले कोरोनाबाट बच्न चैत्र ११ देखि लकडाउन सुरु गरि हालसम्म पनि कायम नै छ । कोरोनाबाट बच्न र बचाउन हाम्रो पालिकाले पनि सुरु देखि हालसम्म सुरक्षाका विभिन्न ढाँचा र तरिकाहरु अवलम्बन गरिरहेको सबैलाई जानकारी भएकै छ । लकडाउनका कारण यातायात आवतजावतमा कठीनाईले निर्माण सामाग्री उपलब्ध हुन नसक्ने, भीडभाड गर्न नमिल्ने, सामाजिक दुरी कायम गर्नुपर्ने कारण विकास योजनाहरु अगाडी बढाउन नसकिएको यथार्थ कुरा अगाडी राख्न चाहन्छु । नेपाल सरकार अर्थ मन्त्रालयबाट केही शीर्षकका बजेटहरु कटाएर कोरोना प्रकोप व्यवस्थापन कोष व्यवस्था गर्ने र स्वास्थ्य तयारी, क्वारेन्टाईन, होल्डीङ केन्द्र, स्वास्थ्य सामाग्री लगायतको व्यवस्थापन गर्नुपर्ने साथै अशक्त,-असहायहरुलाई राहत वितरण समेत गर्न विभिन्न शीर्षकका योजनाहरु रकमान्तरण गर्नुपर्ने बाध्यात्मक अवस्था बन्यो । अझैपनि कोरोना कहर जारी छ, कोरोनाबाट बच्न बचाउने कुरा

तत्कालको प्राथमिकतामा नै रहेको छ। यसैसमयमा नीति कार्यक्रम र बजेट प्रस्तुत गरी पारित गर्नुपर्ने अवस्था छ।

गाउँपालिकाको सम्पूर्ण विकास योजनाहरु गाउँपालिकाबासी सबैको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गर्दै नेपालको संविधान, राष्ट्रिय प्राथमिकता, संयुक्त राष्ट्र संघद्वारा जारी दिगो विकासका लक्ष्यहरु, SDGs को अवधारणा, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई मार्गदर्शनको रुपमा लिईएको छ। स्थानीय स्रोत र साधनको अधिक्तम उपयोग गर्दै स्थानीय पूर्वाधार सम्वन्धी आयोजनाहरु, रोजगारी र गरिबी न्यूनिकरण, विद्युतिकरण, वातावरण संरक्षण र विपद व्यवस्थापन, सुशासन, समावेशीकरणलाई सहयोग पुग्ने योजना कार्यक्रमलाई प्राथमिकता दिएको छु। कम लागत छिटो प्रतिफल दिने जनसहभागीता जुट्ने र PPP मोडेललाई प्रोत्साहीत गर्ने गरी दातृनिकाय सरोकार सबैको सहकार्य र समन्वयमा गाउँपालिकाको विकास योजना तर्जुमा गरिएको छ।
यो पटकको नीति तथा कार्यक्रममा स्वास्थ्य, कृषी, शिक्षा, रोजगार हाम्रो प्राथमिकता हुन्। तथापी, कोरोनाको कारण जनजीवन अस्तव्यस्त भएकोले यो पटकको बजेट प्रत्येक जनताहरुको टोल बस्ती सम्म पुऱ्याउने गरि प्रस्तुत गर्नु हाम्रो बाध्यता बनेको छ।

सम्पूर्ण गाउँपालिका सदस्यहरु
अब म आगामी आर्थिक वर्ष २०७७।७८ को प्राथमिकता र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु।
प्राथमिकता :
१. दिगो विकासका १७ वटा लक्ष्यहरु (SDGs) का कार्यक्रमहरु,
२. कोरोना प्रकोपको व्यवस्थापन
३. पूर्वाधार विकासका कार्यक्रमहरु (सडक, पुल, खानेपानी, सिँचाई, भवन, शहरी विकास)
४. शिक्षा, स्वास्थ्यको गुणस्तर व्यवस्थापन,
५. आधुनिक कृषि व्यवसायिकरण, यान्त्रीकरण र पशू विकास एंव बजार,
६. पर्यटन पूर्वाधार विकास र प्राकृतिक पुरातात्विक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन,
७. सामाजिक विकासका कार्यक्रमहरु (समावेशी विकास, जातीय/लैगिंक विभेद, जेष्ठ नागरिक, एकल महिला अपाङ्गता, अशक्त लक्षित बालमैत्री),
८. युवाको क्षमता विकास, खेलकुद विकास र रोजगारी,
९. प्राकृतिक स्रोत तथा भूं-संरक्षण, वातावरण र जलवायु परिवर्तन,
१०. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता पारदर्शिता, सुशासन र डिजिटलाइज प्रविधिको प्रयोग,
११. भू-उपयोग नीति निर्माण र बस्ती विकास,
१२. संस्थागत तथा क्षमता विकास,
१३. जनसहभागिता जुट्ने र आर्थिक प्रतिफल प्राप्त हुने योजनालाई नीतिगत रुपमा प्राथमिकता,
१४. "विकास योजनाहरु लहडमा होइन, आवश्यकता र प्रतिफलमा आधारीत भएर हामी र भावि पुस्ताका लागि" भन्ने अवधारणाबाट अगाडी बढाइनेछ।

प्रेम कुमार राई
अध्यक्ष

## क्षेत्रगत नीतिहरु (विषयगत)

### क) सडक सम्बन्धी नीति

१. घोडेटार-मचुवाटार/चुवार/हलेदे सडक, घोडेटार-कावाखोला भोजपुर सदरमुकाम जोड्ने सडक, घोडेटार-सुनवालुवा धनकुटा जोड्ने सडक, घोडेटार-पुरानो तृतीय जोड्ने सडकलाई प्राथमिकता दिई स्तरोन्नती गर्न प्रदेश/केन्द्र सरकार समक्ष अनुरोध गरिनेछ।

२. वडा केन्द्रहरु वडा नं. १, सल्ले र २ को लुंगिनलाई घोडेटार-कावा सडकले, वडा नं. ३ सिन्द्रागंलाई घोडेटार-पुरानो तृतीयले, वडा नं. ४, ७, ८ र ९ लाई घोडेटार-चुवार सडकले र वडा नं. ५ र ६ लाई घोडेटार सुनवालुवा सडकले जोड्दै वडा केन्द्रहरुलाई जोड्ने सडकहरुलाई वस सन्चालन हुने गरी बाह्रै महिना चल्ने गरी स्तरोन्नती गरिनेछ।

३. नयाँ ट्रयाक ओपन गर्नुपर्ने सडकहरु :

(क) आम्जीराङ/मचुवा सडक वडा नं. ७ र ९
(ख)दिमालुङ - माङ्खिम सोतिवारी वडा नं. ३
(ग) कोल्टार-हसनपुर वडा कार्यालय सम्म वडा नं. ९
(घ) बारीगाउँ - कोल्टार वडा नं. ८ र ९
(ङ) सोयागाउ-साचाकी- फलामढुङ्गा वडा नं. ४ र ५
(च) ज्यामिरे-पहिरे- छिर्लिङखोला वडा नं. ९
(छ) विद्यापोखरी-छिर्लिङखोला वडा नं. ८
(ज) निर्मला प्रा.वि.- सिंहदेवी प्रा.वि. वडा नं. ७ र ८

स्तरोन्नती गर्नुपर्ने सडकहरु

(क) फलामढुङ्गा -अवतारी वडा नं. ३
(ख) घोडेटार- रानित्रास - दिमालुङ वडा नं. १ र २
(ग) प्रजातन्त्र मा.वि. माझिगाउँ पिखुवाखोला वडा नं. ६
(घ) लुङ्गिन-दिमालुङ वडा नं. २
(ङ) खैराङ्ग-पिपलडाँडा- लुङ्थुङ-सोया वडा नं. ४ र ५
(च) रेपा- सोयागाउँ वडा नं. ५ र ६
(ज) गुर्धुङ- पिखुवा वडा नं. ५
(झ) लुङ्गिन कावाखोला पावर हाउस वडा नं. २
(ञ) पाल्लेधारा- लुङ्खिम- पिप्ले वडा नं. ७ र ८
(झ) घोडेटार- हर्का - कावाखोला वडा नं. १
(ञ) माङपाराङ्ग-मुस्ताङ-चेम्लाङ वडा नं. ९

४. वडाका महत्वपूर्ण स्थल कृषि उत्पादन र निर्माण कच्चा पदार्थ रहेका स्थानहरुमा सडक सञ्जाल पुऱ्याइनेछ।

५. गाउँपालिका सडक गुरुयोजना (RMTMP) तयारी गरी निर्माण भएका सबै सडकहरुको लगत संकलन, वर्गीकरण, दस्तावजीकरण र सडक क्षेत्राधिकार र जग्गाधनी लगत कट्टा गरिने छ।

६. सर्भे भएका साना सडकहरुमा स्थानीयहरुको माग बमोजिम निश्चित सहभागिता अनिवार्य गरिने छ।

७. निर्माण भई सकेका सडकहरुको मर्मत संभार सम्बन्धी नीति बनाईनेछ।

८. घोडेटार वजारमा ढल निकास तथा सडक सोलिङ्ग क्रमशः गरिने छ।

९. अरुण नदीको सुनवालुवा निर्माणाधीन पुललाई यथा समयमा पुरा गराउनु निरन्तर पहल गर्दै चुवार दुधकोशी र मचुवाटार अरुणको पक्की पुल लाई यथाशिघ्र कार्य प्रारम्भ गर्न पहल गरिनेछ।

१० अति आवश्यक सडकहरुको सर्भे

## ख) खानेपानी र सरसफाई सम्बन्धी नीति

१. स्वच्छ र सफा खानेपानीको लागि "एक घर एक धारा" मिटर प्रणालीको अवधारण लागू गरिने छ ।
२. हतुवागढी १ घोडेटार बजार खानेपानी व्यवस्थाको लागि वृहत हतुवागढी खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि आ.व. ०७७०७८ भित्र पचास लाख भन्दा माथिको खानेपानी आयोजना सञ्चालन गरि मिटर सिस्टममा धारा वितरण गरिने व्यवस्था मिलाईनेछ ।
३. हतुवागढी १, २, ५ र ६ को लागि कावाखोला र पिखुवाखोलाबाट वृहद लिफ्ट सिस्टमबाट खानेपानी योजनालाई पुरा गराउन जोड दिदै थप गाउँहरुमा पनि ठुला साना लिफ्ट प्रणालीको व्यवस्थ ागर्न र सौर्य उर्जाबाट सम्भाव्यता अध्ययन र कामको थालनी गरिनेछ ।
४. खानेपानीको समस्या भएका बस्ती, गाउँहरुमा आवश्यकतानुसार लिफ्ट सिस्टमबाट काम गराइनेछ ।
५. खानेपानीको मुहान/स्रोत संरक्षण, व्यवस्थापन गरिनेछ ।
६. RM-WASH-CC गठन गरी सरसफाई कार्यक्रम गरिनेछ ।
७. फोहरमैला व्यवस्थापनका लागि Landfield साइटको व्यवस्था गरिनेछ ।
८. पानीको अभाव भएका विद्यालयहरुमा सरसफाइ शौचालय, फुलबारी र बगैचाको लागि आकाशे पानी संकलनको आवश्यक व्यवस्था गरिनेछ ।
९. टोल वस्तीमा पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१०. बाक्लो वस्तीहरुमा छानाको आकाशे पानी संकलन गरि वेमौसमी खेती पातीको लागि सिचाई गरिने व्यवस्था गरिनेछ ।

## ग) विद्युत उर्जा र संचार सम्बन्धी नीति

१. सबै वडाहरुमा केन्द्रीय विद्युत प्रशारण, लघु जलविद्युत र वैकल्पिक ऊर्जाबाट विद्युतीकरण गरी उद्यम व्यवसायमा प्राथमिकता दिइनेछ ।
२. वडा नं. १, २, ३ र ९ को विद्युत वितरण र विस्तारलाई पूर्णता र व्यवस्थापन गर्दै अन्य वडाहरु ४, ५, ६, ७ र ८ मा विद्युतीकरणको विशेष योजना बनाईने छ ।
३. सुधारीएको चुलो र नविकरणीय उर्जाको प्रयोगको कार्यक्रम गरिनेछ ।
४. सौर्य सडक तथा बजार बत्तिको व्यवस्था गरिनेछ ।
५. "सबैको घर उज्यालो कार्यक्रम" नीति र कार्यक्रम बनाइनेछ ।
६. टेलिफोन टावर, नेटवर्क समस्या समाधान र इन्टरनेट व्यवस्था क्रमश: गर्दै स्थानीय पत्रिका र सूचना मैत्री नीति बनाइनेछ ।
७. जमिनको वर्गीकरण र उपयोगिताको आधारमा सिँचाईमा सम्भावित प्रविधि खोजी गरिनेछ ।
८. घना वस्ती र टाढा रहेका वस्तीमा सौर्य उर्जाको व्यवस्था गरिनेछ ।
९. सबै सरकारी कार्यालय, वित्तीय संस्था र विद्यालयहरुमा उर्जाको व्यवस्था गरी विद्युतिय रेकर्ड राख्ने र सेवा दिने व्यवस्था गरिनेछ ।
१०. वडा नं. ८ को टाकुरे डाँडामा टेलिफोन टावर निर्माण गरिनेछ ।

## घ) शिक्षा सम्बन्धी नीति

१. राष्ट्रिय शिक्षा नीति, प्रदेश नीतिसँग तादाम्यता राख्दै गाउँपालिकाका शिक्षा योजना कार्यक्रम तयार गरिनेछ ।

हेलुवागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घोडेटार, भोजपुर १नं प्रदेश, नेपाल

२. प्राविधिक शिक्षालाई विशेष जोड दिदैं स्नातक तहको पढाईलाई समन्वय सहकार्यको पहल गरिनेछ ।
३. गाउं शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. शैक्षिक गुणस्तरका लागि प्रभावकारी अनुगमन, मुल्याकंन गर्ने व्यवस्था गरिनेछ ।
५. गाउँपालिकाको चण्डेश्वरी प्रा.वि. सामुदायिक आवासिय विद्यालयको पुर्वाधार र कार्यविधि तयार गरि सञ्चालन गरिनेछ ।
६. विद्यार्थी संस्था र भौगोलिक प्रतिकूलतालाई मध्यनजर गरी विश्लेषणको आधारमा दरबन्दी मिलान गरिनेछ ।
७. प्रस्तावित माध्यामिक विद्यालय/आधारभूत विद्यालयलाई पूर्वाधार र आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ ।
८. गाउँपालिकाको सवै विद्यालयहरुमा इलाईब्रेरी स्थापना गरि सक्ने र इ लर्निन र क्रमश इ लर्निन मा लाने व्यवस्था गरिनेछ ।
९. पूर्व प्राथमिक तहमा विद्यार्थीहरुलाई "विद्यालय जाऔं, खाजा खाँऔं" कार्यक्रमलाई प्रभावकारी व्यवस्थित, अनिवार्य र अभिभावकसँग जोड्ने गरी निरन्तरता दिइनेछ ।
१०. सबै विद्यालयमा "हाम्रो विद्यालय, राम्रो विद्यालय अक्षय कोष"स्थानीय अभिभावकको अगुवाईमा शुरु गरिनेछ ।
११. गाउँपालिका भरीबाट उत्कृष्ट विद्यायल र शिक्षकलाई पुरस्कार व्यवस्था गरिनेछ ।
१२. घोडेटार बजारमा पि.पि.पि. मोडेलमा सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ ।
१३. शिक्षक कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१४. गाउँपालिकाभरीका माध्यामिक विद्यालय, आधारभूत विद्यालयहरुमा विषयगत दरवन्दी अनुसार सरोकारवाला निकायसँग समन्वय गर्ने नीति कार्यक्रम बनाइनेछ ।
१५. विद्यालय शैक्षिक सुधार एवं स्वयम सेवक व्यवस्थापन र परिचालन गरिनेछ ।
१६. सगरमाथा मा.वि.को बाली विज्ञान प्राविधिक धारको पढाई सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
१७. शैक्षिक सुधार घोषणा पत्रलाई क्रमश लागु र पालना गर्न सरोकारवालाहरुलाई सक्रीय बनाईनेछ ।
१८. स्थानीय पाठ्क्रममा मातृभाषामा पठन पाठन गर्न राई बात्वबा भाषाको पाठ्यक्रम अनुसार यसै शैक्षिक शत्र बाट सुरु गरिनेछ र क्रमश अन्य भाषाको तयारी गरिनेछ ।
१९. विद्यालय बाल शिक्षिका र कर्मचारीहरुलाई संघीय सरकारले सम्वोधन नगरेको खण्डमा न्यूनतम प्रोत्साहन प्रदान गरिनेछ ।
२०. विगत देखि आ.वि. / मा.बि. को अनुमति पाएको तर दरवन्दि नपाएका विद्यालयलाई दरवन्दी मिलानमा समस्या हुँदा शैक्षिक सुधार अन्तर्गतको सहयोग निरन्तरता दिईनेछ ।
२१. शैक्षिक गुणस्तरमा प्र.अ. लाई विशेष जिम्मेवार बनाउन प्रोत्साहन सहयोग गर्ने व्यवस्था गरिनेछ ।
२२. शिक्षकहरुलाई प्रोत्साहन गर्न प्रा.बि., आ.वि. र मा.वि. तहका एक एक जनालाई उत्कृष्ट शिक्षक घोषणा रु पुरस्कारको व्यवस्था गरिनेछ ।
२३. आ.वि. तह (कक्षा ६,७ र ८) विद्यार्थीहरुको पालिका स्तरीय अन्तरविद्यालय रनिङ सिल्ड प्रतियोगिता सुरु गरिनेछ ।

## ङ) स्वास्थ्य सम्बन्धी नीति

१. सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना र व्यवस्थापन गर्दै जनतालाई स्वास्थ्य सेवा सहज र पँहुचयोग्य वनाईनेछ ।

प्रेम कुमार राई
अध्यक्ष

२. प्राथमिक स्वास्थ्य केन्द्र, घोडेटारलाई १५ शैयाको अस्पताल बनाई उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ ।
३. "अध्यक्ष सँग जनता स्वास्थ्य परिक्षण कार्यक्रम" अपाङ्ग र ६० वर्ष माथिका नागरिकलाई निशुल्क शिविर सञ्चालन गरिनेछ ।
४. महिला स्वास्थ्य स्वयंसेविकालाई क्षमता अभिवृद्धि गर्दै प्रोत्साहन सुविधा र स्वास्थ्य केन्द्र र सेवा ग्राही बीच पुलको काम गर्ने गरी प्रोत्साहन गरिनेछ ।
५. महिलाहरुको पाठेघरको Pap Smear Camp र आङ खस्ने समस्याको पहिचान गरी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
६. स्वास्थ्य केन्द्र नभएको वडामा अन्य स्वास्थ्य चौकीमा भएका स्वास्थ्य क्षेत्रका जनशक्ति परिचालन गरि उक्त वडाका जनताहरुलाई स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइनेछ ।
७. वडा नं. २,५ र ७ को उपयुक्त स्थानमा स्वास्थ्य उपचारको लागि व्यवस्थापन र स्वयमसेवकको व्यवस्था गरिनेछ ।
८. वडा सेवा केन्द्र पाएक पर्ने स्थानमा मापदण्ड अनुसारको स्वास्थ्य चौकी निर्माण गर्न जग्गा प्राप्तीलाई प्राथमिकतामा राखिनेछ ।
९. प्रा.स्वा.के. मा टेली मेडिसीन सेवा सुरु गरिनेछ ।
१०. हतुवागढी आँखा उपचार केन्द्र सञ्चालन र व्यवस्थापन गरिनेछ ।
११. एम्बुलेन्स सेवा सुरु गरि गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्ग, असहाय, अति विपन्न र दुर्घटनामा परेका बिरामीलाई सहुलियतमा सेवा दिने व्यवस्था गरिनेछ ।
१२. गम्भीर प्रकृतिका रोगहरु- क्यान्सर, मुटु, कलेजो, मृगौला रोगीहरुलाई आर्थिक सहयोग गरिनेछ ।

## च) कृषि, पशु र उद्यम सम्बन्धी नीति

१. कृषिमा व्यवसायीकरण तर्फ उत्प्रेरणा जगाउँदै "एक गाउँ एक उत्पादन" कार्यक्रम बनाईनेछ ।
२. हतुवागढी गाउँपालिकालाई कागती क्षेत्र जोनको रुपमा घोषणा गरी आवश्यक अनुसन्धान, योजना तयार र कार्यान्वयन गरिनेछ ।
३. बहु फलफुल खेतीलाई प्रोत्साहन गरिने निती लिइनेछ (सुन्तला, आप, लिची, भुइकटहर, एवोकार्डो, किवी र केरा)
४. कृषिमा आधारित उद्यममा सन्चालित अनुदानका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय गरिनेछ ।
५. राशायनिक मल तथा विषादिको प्रयोगले मानव स्वास्थ्य र वातावरणलाई असर पुग्ने भएकाले प्राङ्गारीक मल प्रयोगमा प्रोत्साहित गरिनेछ ।
६. निर्वाहमुखी परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरणको नीति अनुरुप कार्यक्रम बनाईनेछ ।
७. पशुपालन व्यवसाइक ब्लक निर्धारण गरिनेछ ।
८. कृषि शित भण्डारणको निर्माण गरिनेछ ।
९. दुग्ध संकलन केन्द्रको स्थापनाको प्रक्रियाको सुरुवात गरिनेछ ।
१०. गाउँपालिकाको उपयुक्त क्षेत्रमा चिया तथा कफि खेतीको सम्भाव्यता अध्ययन गरी सम्बन्धीत संघ संस्थाहरु संग समन्वय गरी चियाकफि खेती प्रणालीको सुरुवात गरिनेछ ।
११. कृषी तथा पशु विमालाई कृषकहरु सम्म पुर्‍याउने अभियान सञ्चालन गरिनेछ ।
१२. बाँझो जग्गालाई प्रयोगमा ल्याउने विशेष कार्यविधि बनाईनेछ ।
१३. प्रत्येक घर परिवारवाट निस्कने फोहोर पानीलाई संकलन र प्रशोधन गरि करेसावारी अभियान सञ्चालन गरिनेछ ।

## छ) युवा, खेलकूद तथा रोजगार सम्बन्धी नीति

१."स्वास्थ्यको लागि खेलकूद, सृजनशीलता अनुशासनमा एकजुट।" भन्ने नारासहित खेलकूद विकासको लागि आवश्यक क्यालेण्डर तयार गरिनेछ।

२. प्रत्येक वडाकेन्द्र विद्यालय आसपास खेलमैदान निर्माण गरिनेछ।

घोडेटार, दिमालुङ जमिन खेलमैदान, सुनाहाङ साकेन्वा खेलमैदान, पात्लेपानी खेलमैदान, होमताङ्ग खेल मैदान, अवतारी खेलमैदान, हसनपुर खेलमैदान विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

३. इन्डोर खेलको लागि कभर्डहलको योजना बनाइनेछ।

४. कराते/उसु खेल प्रशिक्षण र प्रतियोगिता सञ्चालन गरिनेछ।

५. युवाहरुलाई रोजगारीका अवसर श्रृजना गर्दै स्वरोजगार उन्मुख कार्यक्रमहरु तय गरिनेछ।

६. वडास्तरीय युवा सञ्जाल गठन गरी युवाहरुको संस्थागत क्षमता विकास गरिनेछ।

७. रोजगार सम्बन्धी परामर्श सेवा प्रारम्भ गरिनेछ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरि रोजगारीको अवसर सिर्जना गरिनेछ।

## ज) वन तथा वातावरणसम्बन्धी नीति

१. वातावरण संरक्षण कोषको स्थापना गरिनेछ।

२. भुउपयोग नीति बनाई त्यसको अध्ययन गरिनेछ।

३. सार्वजनिक वन, सामुदायिक वन, निजि वनको संरक्षण र बहुउपयोग नीतिबारे सरोकार पक्षसँग परामर्श गरिनेछ।

४. सार्वजनिक जग्गाको पहिचान, संरक्षण र बस्ती तथा बजार व्यवस्थापनसँग जोडिनेछ।

५. फोहोरमैला व्यवस्थापन गरिनेछ।

६. गाउँ बस्तीमा सेतो तथा फुसको छानालाई कम गर्दै वातावरणमैत्री गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ।

७. ढुँगा गिटी वालुवा उत्खनन् र सडक लगायत भौतिक पूर्वाधार निर्माण गर्दा भुक्षय र वन वातावरणलाई असर कम गर्ने गरी नीति बनाइनेछ।

८. निजि क्षेत्रबाट पार्क निर्माणलाई प्रोत्साहित गर्न PPP (Public Private Partnership) मोडेल अपनाईनेछ।

९. निर्मित सडकहरु अन्तिम अवस्थामा पुग्दै गएपछि सडकमा वृक्षारोपण कार्यलाई अनिवार्य गरिनेछ।

१०. बजार क्षेत्रमा गाडिको लागि वसपार्क र आवश्यक जमघट हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ।

११. प्रत्येक वडाका नाङ्गो डाँडाहरुमा पोखरी निर्माण स्थानीयबासीहरुको सहभागितामा शुरु गरिनेछ।

१२. वन्यजन्तु संरक्षण/आरक्षण स्थल निर्धारण गर्दै वन्यजन्तुले मानव रहनसहनमा पारेको असर बारे आवश्यक नीति निर्माण गरिनेछ।

## झ) पर्यटन सम्बन्धी नीति

१. हतुवागढी पर्यटन क्षेत्र विकास गुरुयोजना सहित गाउँपालिकास्तरीय र अन्तरपालिकास्तरीय योजना निर्माण गरिनेछ।

२. प्राकृतिक, ऐतिहासिक, धार्मिक स्थलहरुको सूची तयार गरी संरक्षण र सम्वर्द्धन गरिनेछ।

प्रेम कुमार राई
अध्यक्ष

३. हतुवागढी दरवारको संरक्षण र सम्वर्द्धनका लागि गौरवको आयोजनामा राखी सरोकारवालाहरुसँगको व्यापक छलफल पछी उपयुक्त Design Esitmate गरी PPP (Public Private Partnership) मा गर्ने गरी योजना तयार गरि आ.व. ०७७०७८ मा नै काम सुरु गरिनेछ ।

४. घोडेटारदेखि गढी संखामडाँडा-दिमालुङ (पूर्णडाँडाँ) सम्म पैदलमार्ग जोड्ने योजना बनाइनेछ र विभिन्न स्थानवाट ठाडो सिढिबाट उक्त पैदलमार्गलाई जोडिने छ ।

५. दिमालुङ्ग (ढुँगालाई) स्थापीत गर्दै दिमालुङ्ग स्मृति पार्क र दिमालुङ्ग पार्क निर्माणलाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिईनेछ ।

६. हतुवागढीको उच्च स्थान संखामचुलीमा डाँडामा भ्यू टावर निर्माणलाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिईनेछ ।

७. होमस्टे सन्चालनका लागि अध्ययन भ्रमण, तालिम र स्थान छनौटको कार्यक्रम राखिनेछ ।

८. अरुण र दुधकोशीमा र्‍याफ्टिङ, जलयात्रा सरोकारवाला संघसंस्था, व्यवसायी, साथै बेलका नगरपालिका, शहिदभूमि गाउँपालिका र आमचोक गाउँपालिकासँग सहकार्य गरी योजना निर्माण गरिनेछ ।

९. नदी किनार आसपासमा पर्यटक, पाहुना स्थल (Hut, Swimming Pool) लाई प्रवर्द्धन गरिनेछ ।

१०. पर्यटन विकास, खानेपानीको स्रोत संरक्षण र वितरणका लागि जोरआल, तेर्सेखोलामा आकाशे पानी संकलन ड्याम निर्माण गरिने छ ।

११. हतुवागढी रोक्तां खोला अवस्थित इन्द्रेणी झर्नाको संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गरिनेछ ।

१२. सांस्कृतिक र पर्यटकीय हिसाबले निम्न स्थानहरुको डि.पि.आर. गरि आवश्यक योजना बनाईनेछ ।

(क) भविष्यवक्ता पोखरी
(ख) माईवेनी मन्दिर
(ग) किराँत संग्राहलय
(घ) छरछरे ईन्द्रेणी झरना
(ङ) महादेव स्थान गुफा
(च) सयवृक्ष
(छ) फलामढुङ्गा संरक्षण र पोखरी निर्माण
(ज) लुङ्खिन संरक्षण
(झ) सिम्सारादेवी संरक्षण
(ञ) चारपाटे पोखरी (आहाल)
(ट) सिलासुत्केरी ढुङ्गा
(ठ) विद्यापोखरी
(ड) चमेरे गुफा
(ढ) जोर आहाल
(ण) लुङ्थुङ संरक्षण
(त) घोडाको सालिक

## ञ) सहकारी तथा वित्तिय सम्बन्धी नीति

प्रेम कुमार राई
अध्यक्ष

१. सहकारीका मूल्य, मान्यता, सिद्धान्तको आधारमा संचालन, व्यवस्थापन र नियमन गरिनेछ।
२. बचत तथा ऋण सहकारीहरुलाई उदेश्यगत र ऋण प्रवाहलाई उद्यमसँग जोडिनेछ।
३. कृषि र उत्पादक सहकारीलाई प्रोत्साहित गरिनेछ।
४. प्रत्येक परिवारलाई एक सहकारी सदस्य बनाउने कार्यक्रम अवलम्वन गरिनेछ।
५. लघु वित्तहरुलाई स्थानीय तह र जनताको यथार्थ आवश्यकतालाई मध्यनजर गरी दिर्घकालीन लगानीतर्फ ध्यान दिइनेछ।
६. जोखिममा परेका सहकारी, वित्तिय समूहहरुको अध्ययन अनुसन्धान गरी संस्थागत र व्यक्तिगत जोखिम न्युनिकरण गरिनेछ।
७. गरिवी निवारण कोष लगायत अन्य साझेदारी निकाय संस्थाबाट परिचालित समूहहरुलाई सहकारीमा लाने व्यवस्था गरिनेछ ।

## ट) महिला तथा बालबालिकासम्बन्धी नीति

१. महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग, विपन्न एकल महिला, जनजाती, अल्पसंख्यक समूदायको लागि क्षमता विकास, सीप विकास आर्यआर्जन, सुरक्षाका कार्यक्रमहरु बनाइनेछ।
२. सुरक्षीत सुत्केरीको लागि स्वास्थ्य केन्द्र अनिवार्य गरिने छ।
३. बालमैत्री र अपाङ्ग मैत्री पुर्वाधार निर्माण गरिनेछ।
४. बालबालिकाको लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रम सञ्चालन गरिनेछ।
५. बालबालिकाको लागि Children Park निर्माण गरिनेछ।
६. बालविवाह रोक्न र किशोर किशोरीलाई प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
७. जेष्ठ नागरिहरुको लागि आवास गृह र अनुभव आदानप्रदान स्थल निर्माण गरिनेछ।
८. जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम गरिनेछ।

## ठ) सुशासन र संस्थागत विकाससम्बन्धी नीति

१. गाउँपालिकाको वेबसाइटलाई व्यवस्थित र प्रभावकारी बनाइ सेवा प्रभाहमा गुणस्तर सुधार गर्ने व्यवस्था गरिनेछ।
२. सार्वजनिक सुनुवाई गरीनेछ।
३. सूचना पार्टी, नागरिक वडापत्र, रेडियोमार्फत र मोवाइलमा ख्एअभ ऋष्डि बाट आवश्यक डकुमेन्टवारे पूर्व सूचीत गरिनेछ।
४. सूचना केन्द्रको स्थापना र व्यवस्थापन गरिनेछ।
५. नागरिक सहायता कक्ष (Help Desk) सेवा प्रभावकारी र व्यवस्थित गरिनेछ।
६. स्थानीय पत्रिकाको प्रवर्द्धन हुने गरी पाक्षिक रुपमा स्थानीय गतिविधि समेटेर सूचना र जानकारीमुलक पत्रिका घरघरमा पुर्याउने व्यवस्था गरिनेछ।
७. सूचना अधिकारीमार्फत सूचना प्रवाह गरिनेछ।
८. रेडियो र पत्रपत्रिकामा सूचना प्रशारण र प्रकाशन गरिनेछ।
९. मानव अधिकार संरक्षण सम्वन्धी कार्यक्रमहरु गरिनेछन्।
१०. पारदर्शिता र जवाफदेहितको अभिबृद्धि गरिनेछ।
११. विकास, आयोजनाहरुको अनुगमन, मुल्याकंन, सार्वजनिक परिक्षण गरेर मात्र अन्तिम फछ्यौट गर्ने व्यवस्था गरिनेछ।
१२. पूर्वाधार योजनाहरु गुणस्तरीय, समय सिमा र पारदर्शितालाई मूख्य सूचक बनाइनेछ।

१३. गाउँपालिका तथा वडा कार्यालय निर्माणको लागि जग्गा व्यवस्थापन तथा भवन निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

१४. गाउँपालिकाभरीका सबै निजामति कर्मचारीलाई वार्षिक रुपमा उत्कृष्ट काम गरेबापत प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम सञ्चालन उनीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम तथा कार्यसम्पादनका आधारमा प्रोत्साहन स्वरुप आवश्यक सुविधा समेत प्रदान गरिनेछ ।

१५. गाउँपालिका परिसर, बजार क्षेत्रहरुको आवश्यक सुधार र व्यवस्थापनको लागि गाउँ/नगर प्रहरीको शुरुवात गरिनेछ ।

## ड) प्राकृतिक प्रकोप र विपद व्यवस्थापनसम्बन्धी नीति

१. प्रार्कृति प्रकोप र विपद व्यवस्थापन कोषको स्थापना गरीनेछ ।

२. प्राकृतिक प्रकोर विपद व्यवस्थापनको पूर्वतयारी रोकथामसम्बन्धी तालिम तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ढ) राजश्व तथा कर प्रशासनसम्बन्धी नीति

१. राजश्व परामर्श समितिको प्रतिवेदनको आधारमा कर नीति अवलम्वन गरिनेछ ।

२. कर प्रणालीलाई वैज्ञानिक र व्यवहारीक बनाउदै सम्पती कर लागू गर्ने तयारी गरिनेछ ।

३. "कर हामीले हाम्रै सुविधा र विकासको लागि हो" भन्ने भावनाको विकास गरिनेछ ।

४. करदाता सचेतना शिक्षा सञ्चालन गरिनेछ ।

५. सवै वडा केन्द्रहरुमा कर सम्बन्धी सचेतना कार्यक्रम गरिबेछ ।

## ण) भूमि, घर जग्गा धनीपूर्जा र वस्ती विकास सम्बन्धी नीति

१. संघ र प्रदेश कानुनको अधिनमा रही विगतमा संस्था चलाउन तथा विकास निर्माण गर्न पर्ती, ऐलानी र संस्थाको नाममा रहेको जग्गा भोगचलन अनुसार अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने उपयुक्त विधि र प्रक्रिया अपनाइनेछ ।

२. सेवा केन्द्र स्थापना गर्न आवश्यकताअनुसार पर्ती, ऐलानी र वनक्षेत्रको जग्गालाई सार्वजनिक हितमा प्रयोग गर्न आवश्यक कानुनी प्रक्रिया सरोकार पक्षसँग पारस्परीक रुपमा गरिनेछ ।

३. व्यक्तिको जग्गा प्राप्तीलाई अत्यावश्यक निश्चित आधार मापदण्ड निर्माण गरी जग्गा प्राप्ती ऐन बमोजिम जग्गाप्राप्त गरीने व्यवस्था गरिनेछ ।

४. एकीकृत वस्ति विकासको बिशेष नीति र कार्यक्रम गरिनेछ ।

५. सार्वजनिक र संस्थागत जग्गाहरुको अभिभी ल्याई एकिन नापजाँच गरिनेछ ।

६. विपन्न/दलित/जोखिम घर परिवारलाई फुसको छाना विस्थापित र आवासको लागि विपन्न जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

## त) तालिम, स्रोत व्यक्ति र संस्थागत विकाससम्बन्धी नीति

१. स्थानीय स्रोत व्यक्ति तथा प्रशिक्षकहरु उत्पादनमा ध्यान दिइनेछ ।

२. बिभिन्न शिर्षकमा तालिम लिनेहरुको तथ्याक संकलन, अनुगमन, क्रियाशिलता र सिर्जनशिलताको आधारमा पुनःताजगी कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सरकारले बनाउने कानुन र विधिसँग सामन्ज्यस्य हुने गरी सबैखाले जनशक्तिको ग्रेडिङ र प्रमाणित गरी ज्यालाको निर्धारण गरिनेछ ।

घ) न्यायीक क्षेत्र सम्बन्धी नीति

१. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना र प्रभावकारी सञ्चालनको नीति तयार गरिनेछ ।
२. न्यायिक समितिलाई क्षमता विकास, यसको प्रभावकारीता तथा एकजना अधिवक्ता नियमित कर्मचारीको रुपमा राख्ने व्यवस्था गरिनेछ ।

ङ) विविध नीति

१. इलाका प्रशासन कार्यालय स्थापनाको लागि आवश्यक पहल गरीनेछ ।
२. गाउँपालिकाको लागि पिकअप र ट्र्याक्टर खरिद गरिनेछ ।
३. प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्तभित्र सम्पूर्ण योजना तथा कार्यक्रमहरु सम्पन्न गरी बिल, भरपाई कागजातहरु पेश गरी भुक्तानी प्रक्रिया सम्पन्न गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।

अन्त्यमा, यस गाउँपालिकाको लागि आगामी आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित छु र वार्षिक नीति तथा कार्यक्रम बमोजिम कार्यक्रम तथा योजना निर्माण गर्न यस गाउँपालिकाका सबै सम्बन्धीत जनप्रतिनिधिहरुलाई आग्रह गर्न चाहन्छु र वार्षिक नीति तथा कार्यक्रम अनुसार कार्यान्वयन पक्षमा साथ, सहयोग, समन्वय, सहकार्य गर्नका लागि सरोकारवाला सम्पूर्ण जनसमूदायलाई आग्रह गर्न चाहन्छु । यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ लाई **"आर्थिक संबृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार"** भन्ने नारालाई सार्थक बनाउने प्रतिवद्धताका साथ वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतीलाई यहि अन्त्य गर्दछु । धन्यवाद ।।।

प्रेम कुमार राई
अध्यक्ष

<u>आज्ञाले:</u>

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

हलेसी तुवाचुङ गाउँपालिका